काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४
www.musickhabar.com
# म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
वर्ष ८, अंक २, २०८० कार्तिक १ गते Oct. 18, 2023 मूल्य रु.१५/




# म्यूजिक खबरको ७औं वार्षिकोत्सवमा स्रष्टा एवं पत्रकारलाई सम्मान















## प्रकाश र शान्तिश्री उत्कृष्ट वर्ष गायक गायिका, दीपक शर्मा वर्षको उत्कृष्ट संगीतकार

**म्यूजिक खबर/काठमाडौं**

स्तरिय एवं मौलिक संगीतको धार, नेपाली गीत सङ्गीतको आधार मुल नाराका साथ स्थापित नेपालको एकमात्र सांगीतिक पाक्षिक पत्रिका म्यूजिक खबरले आफ्नो सातौं वर्ष पुरा गरेको छ। असोज २ ९ गते सोमबार राजधानीको बालुवाटार स्थित नेपाल हाउसमा म्यूजिक खबरको को ७ औं वार्षिकोत्सव तथा स्रष्टा सम्मान कार्यक्रम सम्पन्न भएको छ।

म्यूजिक खबर पाक्षिकका प्रकाश एवं सम्पादक सबिता पोखरेलको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व उपलकुलपति प्रतिष्ठित संगीतकार संगीतरत्न शम्भुजित बाँस्कोटाको प्रमुख आतिथ्यता रहेको थियो।

म्यूजिक खबर पाक्षिकले वरिष्ठ सङ्गीतकार तथा गायक शक्ति बल्लभलाई 'म्यूजिक खबर विशिष्ट स्रष्टा सम्मान' अर्पण गरेको छ। समारोहमा गायक प्रकाश सपुतलाई उत्कृष्ट वर्ष गायकको सम्मान अर्पण गरिएको थियो। त्यस्तै गायिका शान्तिश्री परियारले उत्कृष्ट वर्ष गायिकाको सम्मान ग्रहण गरिन् भने लोकप्रिय सङ्गीतकार दिपक शर्मालाई वर्ष संगीतकारबाट' बाट सम्मानित गरिएको थियो।

म्यूजिक खबर कला सम्मानबाट वरिष्ठ म्यूजिक भिडियो निर्देशक प्रकाश भट्ट, लोकप्रिय मोडल सागर लम्साल क्षेत्री बले र एरेन्जर नरेन्द्र वियोगीलाई सम्मान गरिएको थियो। सञ्चार क्षेत्रबाट अग्रज पत्रकार निराजन भण्डारी सम्मानित भए भने म्यूजिक खबर व्यवसायी सम्मानबाट इन्द्रेणी स्वीट होटल एवं इन्द्रेणी कप्लेक्सका संचालक शम्भू श्रेष्ठ सम्मानित भए। त्यस्तै समारोहमा म्यूजिक खबर साहित्य सम्मानबाट साहित्यकार अनु शाह सम्मानित भइन्। त्यसैगरी युवा पत्रकार रश्मी थापा र जीना कार्कीलाई सम्मानित गरियो। म्यूजिक खबर संगीत सम्मानबाट संगीतकार सुभाष प्रधान, म्यूजिक खबर गायन सम्मानबाट गायक हरिराम परियार, गायिका सन्जु न्यौपाने, गायिका कल्पना सुनुवार सम्मानित भए भने मोडल अनिता गिरीलाई म्युजिक खबर कला सम्मानबाट सम्मानित गरियो। त्यस्तै सीबी माउन्ट फ्रेमिङका संचालक च्याङ्बा लामालाई व्यवसायी सम्मान प्रदान गरियो भने कार्यक्रम प्रस्तोताको सम्मान सेसेमी लिम्बुलाई प्रदान गरियो।

त्यसैगरी म्यूजिक खबरलाई सहयोग गर्ने नेपाल हाउसका प्रबन्ध निर्देशक टिका गौतम, कोरियोग्राफर सरोज बोलखे, फोटोग्राफर देवराज आचार्य, लक्ष्मीगणेश अफसेट प्रेसलाई कदरपत्रद्वारा सम्मान गरियो। सम्मानित ब्यक्तित्वहरूलाई कार्यक्रमका क्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व उपलकुलपति शम्भुजित बास्कोटा, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली,

– बाँकी पृष्ठ ६ र ७ मा

म्यूजिक खबर
'स्तरीय एवम् मौलिक सङ्गीतको धार – नेपाली गीतसङ्गीतको आधार'

# गीतकार संघ नेपालको चौधौं वार्षिक साधारण सभा सम्पन्न




**म्यूजिक खबर/अमेरिका**

नेपाली गीतकारहरूको छाता संगठन गीतकार संघ नेपालले आफ्नो चौधौं साधारणसभा सम्पन्न गरेको छ । गत शुक्रबार जमलस्थित सांस्कृतिक संस्थानको हलमा कार्यक्रमको आयोजना गर्दै संघले चौधौं साधरणसभा सम्पन्न गरेको हो ।

संघका अध्यक्ष बसन्त बित्यासी थापाको सभापतित्वमा भएको कार्यक्रममा वरिष्ठ गीतकार राजेन्द्र थापाको प्रमुख आतिथ्यता रहेको थियो । त्यस्तै उक्त सभामा वरिष्ठ गीतकार एसपी कोइरालाको विशिष्ट अतिथिको आतिथ्यता गरेका थिए । उद्घाटन सत्र र बन्द सत्र गरी दुई सत्रमा सम्पन्न भएको थियो ।

संगीतकार संघ नेपालका अध्यक्ष एवं प्राज्ञ चेतन सापकोटा, सांगीतिक संघका अध्यक्ष मिलन मोक्तान संगीत रोयल्टी संकलन समाजका महासचिव बि पाण्डे, गीतकार संघका पूर्व अध्यक्ष चुडामणी देबकोटा, बरिष्ठ गीतकार विश्व वल्लभ, गीतकार एसपी कोइराला, अमर बान्तु, लगायतका स्रष्टाहरूको आतिथ्यतामा रहेको थियो । सबै अतिथिहले शुभकामना सहितको मन्तव्य राखेका थिए ।

अक्षयकोष संरक्षकका तर्फबाट अमर वान्तुले मन्तव्य राखेका थिए । सबै अतिथि वर्गले शुभकामना दिने क्रममा सङ्घको चौधौं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै सङ्घले गर्दै आएको प्रयासहरूका बारेमा चर्चा गरेका थिए । गीतकार संघको यो कार्यसमितिले गर्दै आएको कामहरूको प्रंशसा गरिएको थियो ।

गीतकार ध्रुव प्रसाद अम्गाईंद्वारा सङ्घले प्रदान गर्ने सम्मान तथा पुरस्कारमा नयाँ अक्षयकोषको स्थापनाको घोषणा गरेका थिए । साधारणसभामाको दोस्रो सत्रमा विधान सम्बन्धी विभिन्न प्रस्तावहरूमाथि छलफल गरी पारित गरिएको थियो । दोश्रो सत्रमा कोषाध्यक्ष चेतन खतिवडाले कोषको प्रतिवेदन पढेर सुनाएका थिए भने महासचिव टिका राई शिवले संघले गरेको विभिन्न गतिविधिका बारेमा तयार पारेको प्रतिवेदन सार्वजनिक गरेका थिए । प्रस्तावित बुँदामाथि फ्लोरमा छलफल गरि पारित गरिएको थियो । गीतकार सङ्घका उपाध्यक्ष रमेश कोइरालाले कार्यक्रमको सहजीकरण गरेका थिए ।

## रिलिज कर्नर

# गायिका रेश्मा सुनुवारको "पिरतीको झोली"मा बिकास र आभा




**म्यूजिक खबर/काठमाडौं**

लोकप्रिय गायिका रेश्मा सुनुवारले नयाँ गीत 'पिरतीको झोली' सार्वजनिक गरेकी छिन् । मनोरमा सुनुवार र रवि मल्लको शब्द, कल्याण सिंहको संगीत रहेको गीतमा दिक्षीत पौडेलको एरेन्ज रहेको छ । नेपाली गीत संगीतको विकासमा निरन्तर लागिरहेको म्युजिक कम्पनी राइट ट्युन इन्टरटेन्टमेन्टको निर्माण गरेको गीतको भिडियोमा बिकास लामिछाने र आभा थापाको अभिनय रहेको छ ।

गणेश शाहीको निर्देशनमा बनेको भिडियोमा बिशाल थापाको सिनेमाटोग्राफी र दिन्सन शाहको सम्पादन रहेको छ । ६० को दशकमा अत्याधिक लोकप्रियता हासिल गरेकी गायिका रेश्मा सुनुवारका 'क्या मिठो गीत', 'मै ठूली भईछु रे ', 'हुरी आयो', 'मलाई कस्तो देख्छ', 'ओई नक्कले' 'राधा तिमी' लगायत गीतहरू चर्चामा छन् ।

उत्कृष्ट सृजना गर्ने श्रष्टा र नयाँ प्रतिभाहरू संग पनि सहकार्य गर्दै सँग सहकार्य गर्दै अघि बढेको राइट ट्युन इन्टरटेन्टमेन्टले लोकप्रिय गायक गायिकाको स्वरमा गीतहरूको रेकर्ड तथा भिडियो निर्माण गरिसकेको छ ।

# भरतको शब्द, पूर्णको संगीत बलरामको स्वरमा 'फूलको थुङ्गा'




म्यूजिक खबर । बरिष्ठ गीतकार भरत बमजनले नेपालीहरूको महान पर्व बडा दशैंलाई लक्षित गरी दशैं गीत सार्वजनिक गरेका छन् । बमजनले 'फूलको थुङ्गा' बोलको गीत सार्वजनिक गरेका हुन् ।

संगीतकार पूर्ण परियारले संगीत भरेको गीतमा बलराम राजवंशीको एरेन्ज र सुमधुर स्वर रहेको छ ।

गीतमा पछिल्लो समयको नेपाली परिवेश, वैदेशिक रोजगारीको बाध्यतालाई महानपर्व दशैँमा घर फर्किने र सँगै पर्व मनाउने गाउँले यर्थाथ परिवेशलाई देखाउन खोजिएको छ। बाध्यताले परदेशिनु परेको, दशैँमा गाउँ आउने र आफन्त साथीभाइ र मायालुलाई भेट्ने आशा व्यक्त गरिएको छ ।

गीतलाई गीतकार बमजनको आफ्नै युट्युब च्यानल भरत बमजम अफिसियल मार्फत गीतको लिरिकल भिडियो बजारमा आएको हो ।

# भक्तपुरमा 'देविका बन्दना सांगीतिक साँझ'

**म्यूजिक खबर/अमेरिका**

क्यान्सर सचेतना महोत्सव तथा देविका बन्दना सांगीतिक साँझ–२०८० सम्पन्न भएको छ । दिक्षा गौरी हाडा स्मृति प्रतिष्ठान र लायन्स क्लव अफ भक्तपुर भैरवको संयुक्त आयोजना गरेको कार्यक्रममा क्यान्सरलाई जित्न सफल गायिका देविका बन्दनाले आफ्ना चर्चित गीतहरू प्रस्तुत गरेकी थिइन् ।



कार्यक्रममा गायिका बन्दनाले 'एउटा परदेशी आई सोध्यो मेरो नामबाट' आफ्नो प्रस्तुति दिएकी थिइन् । त्यसपछि यस्तै रहेछ यहाँको चलनबाट दर्शक स्रोतालाई मन्त्रमुग्ध बनाएकी थिइन्। गायिका बन्दनाले क्रमशः 'यो माया के हो', 'तिमिलाई हेर्ने यी आँखामा', 'तिम्रो मायाको सागरमा', 'सपनीमा आई सतायौ मलाई', 'भरे आउँछु सपनीमा', 'आँखी झ्यालैमा', 'अच्छा लेकिन लण्डनको जाडोले', 'नहिँड कान्छी', 'सपनी मै हो की', 'ए संगीता' र मिक्स ट्रयाकमा गरी १३ वटा आधुनिक तथा चलचित्रका गीत प्रस्तुत गर्नुसाथै उनले जिगु बैंस धाल बोलको नेवारी गीत पनि प्रस्तुत गरेकी थिइन्।

उनलाई भक्तपुरका स्थानीय कलाकारहरू रवि हाडा, सत्य नारायण प्रजापति, राजेश महर्जन, कपिल कसपालले साथ दिएका थिए। कार्यक्रममा रश्मी खत्रीको समूहको नृत्य, सन्ध्या व्यान्जु र अंकित किसीले गितसँगै नृत्य प्रस्तुत गरेका थिए।

कार्यक्रममा डा. उत्सवमान श्रेष्ठ र डा. कपिन्द्र शेखर अमात्यले स्तन क्यान्सर, डा। अनु बज्राचार्यले सर्भिकल क्यान्सर, डा. विजेश राज घिमिरेले पोषण र जीवनशैली, डा. सुवर्णमान तुलाधरले फोक्सोको क्यान्सर, डा. श्रीकृष्ण कासिछ्वाले पेडियट्रिक क्यान्सरका बारेमा सचेतनामूलक प्रवचन दिएका थिए । साथै लायन उत्तम झाले लायन र क्यान्सरबारेमा जानकारी दिएका थिए।

सो अवसरमा हालै काठमाण्डौँमा सम्पन्न ५५औ एसियन शारीरिक सुगठन प्रतियगितामा स्वीमिङसुट फिजिक्समा स्वर्ण पदक जित्न सफल सनम मुलगुठीलाई सम्मान गरिएको थियो ।

C.B. MOUNT FRAMING CENTER PVT.LTD.





Photographer
chyangba lama
9851191354

New Baneshowr, Buddhanagar, Kathmandu 01-4782127, 9841631354

# सुमित खड्काको एकल साँझ 'देशको आवाज-४' भव्यरूपमा सम्पन्न





म्यूजिक खबर/काठमाडौं

राष्ट्रभाव बोकेका गीतहरू गाएर छुट्टै पहिचान बनाएका गायक सुमित खड्का एकल साँझमा गुञ्जिएका छन् ।

'राष्ट्रको लागि संगीत' भन्ने नारा सहितको 'देशको आवाज-४' नाम दिइएको एकल साँझमा उनले राष्ट्रभावले ओतप्रोत भएका करिब डेढ दर्जन गीतहरू गाएर सुनाए । असोज २७ गते शनिबार, राजधानीको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा आयोजित साँझमा गायक खड्काले आफ्ना लोकप्रिय पुरानादेखि नयाँ राष्ट्रिय भाव बोकेका १६ गीतहरू प्रत्यक्ष वाद्यवादनसहित एकल प्रस्तुति दिएका थिए ।

कार्यक्रममा गायक खड्कालाई लोकप्रिय गायिकाद्वय प्राश्ना शाक्य र अन्जु गौतमले साथ दिएका थिए ।

चलचित्र पार्श्व गायन, आधुनिक गायनमा आफूलाई निरन्तर क्रियाशील रहँदै आएका गायक खड्काको एकल साँझमा - हाम्रो गौरव हाम्रो झन्डा, हिमाल पहाड तराई, राजनीति, यो देश हाम्रो देश, पहिलो भाइ पहाडमा, कहाँ म जन्मे, यो देशको हावा, उत्तरका सेता हिमाल, सारा संसार, हिमाल हेरेर, नेपालीको मनमा, म हुँ एउटा मान्छे, तिम्रो पनि रगत, हामी पहिले नेपाली, बिरको छोरा, हाम्रो देश हामी नेपाली लगायतका गीत गाएका थिए ।

कार्यक्रममा कोशी प्रदेशका सदस्य भीम पराजुली, वरिष्ठ संगीतकार शक्ति वल्लभ, चलचित्र निर्माता तथा अभिनेत्री दीपाश्री निरौलालगायत कलाकारहरूको उपस्थिति रहेको थियो । सो अवसरमा दिव्य शताब्दी पुरुष डा. गौरीशंकर लाल दासलाई सम्मान गर्नुका साथै सुप्रसिद्ध राष्ट्रिय गीतकारहरूको गीति संगालो 'देशको आवाज-४' को विमोचन पनि गरिएको थियो ।

विगतका वर्षहरूमा पनि राष्ट्रका लागि संगीत अन्तर्गत गीत गाउँदै आएका गायक खड्काले यस वर्ष बढ्दो वैदेशिक रोजगारीका क्रममा देश छाडेका युवाहरूलाई लक्षित गरी देशप्रेमको भावना जगाउने खालका गीतहरू समावेश गरिएको बताएका छन् ।

नेपाल सांस्कृतिक महासंघको सहकार्यमा स्पार्क एडभरटाइजिङले आयोजना गरेको कार्यक्रमलाई मोरङ समाज काठमाडौंले प्रवर्द्दन गरेको थियो । यसअघि उनले 'देशको आवाज', 'देशको आवाज-२' र 'देशको आवाज-३' को एकल प्रस्तुति दिइसकेका छन् ।

# नूतनको शब्द, सुनिलको संगीत र विश्वको स्वरमा 'कैदी'




म्यूजिक खबर/काठमाडौं

परवासी भूमि इजरायलमा बसेर नेपाली सांगीतिक क्षेत्रलाई पोषण गर्दै आएकी गीतकार नूतन भुसालको नयाँ गीत 'कैदी' सार्वजनिक भएको छ । यस अघिका शब्द सिर्जनामा झैं भुसालको यस गीतमा पनि गहिराई भेटिएको छ । उनको सिर्जनासँगै संगीतकार सुनिल मास्केले शब्दलाई उचाई दिने र सबैको मन छुने संगीत दिएका छन् । त्यस्तै रिकेश गुरूङको संगीत संयोजनमा गीतको संगीतले थप उचाइ पाएको छ । शब्द र संगीतलाई पछ्याउँदै सुमधुर स्वरका धनि गायक विश्व नेपालीले पनि कर्णप्रिय स्वर दिएका छन् ।

नूतन भुसालको अफिसियल युट्युब च्यानल मार्फत सार्वजनिक भएको भिडियोमा प्रकाश श्रेष्ठ र विष्णु कट्टेल पराजुलीले अभिनय गरेका छन् । राज लिम्बुको निर्देशनमा बनेको भिडियोमा ईजरायलको सेरोफेरोमा सन्तोष माबोले बडो कलात्मक ढंगले छायांन गरी गीतको भिडियोलाई आकर्षक बनाइदिएका छन् । गीतकार नूतन भुसालको गीति एल्ब 'नूतन शैली' मा समावेश रहेको गीतहरू मध्ये एक गीत हो 'कैदी' । संगीतकार सुनिल मास्केको एकल संगीत र गीतकार नुतन भुसालको एकल शब्दमा रहेको गीती 'कैदी'लाई उनले केहि वर्ष अघि राजधानीमा भव्य कार्यक्रमका बीच सार्वजनिक गरेकी थिइन् ।

# समाजले बुझायो चलचित्र विकास बोर्डलाई ध्यानाकर्षण पत्र



म्यूजिक खबर/काठमाडौं

म्युजिक भिडियोलाई पनि फिल्मको परिभाषामा समेट्न ध्यानाकर्षण गराउँदै म्युजिक भिडियो निर्देशक समाजले चलचित्र विकास बोर्डलाई पत्र बुझाएको छ ।

सोमबार समाजका कार्यवाहक अध्यक्ष देवेन्द्र पाण्डे, सह सचिव समन अधिकारी, कोषाध्यक्ष बबिता श्रेष्ठ, सदस्यहरू दयाराम घिमिरे, देवेन्द्र कुँवर र देवराज आचार्य, म्युजिक भिडियो निर्देशकहरू प्रकाश भट्ट र आदित्य बुढाथोकी, कलाकार रामेश्वर बुर्लाकोटी, सङ्गीत व्यवसायी राजेन्द्र पुरी लगायत बोर्डमा पुगेका कार्यसमिति सदस्यहरूले अध्यक्ष भुवन केसीलाई म्युजिक भिडियोको क्षेत्रलाई बोर्ड अन्तर्गत राख्न अनुरोध गर्दै ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका हुन् ।सहितको टोलीले बोर्ड अध्यक्ष भुवन केसीलाई पत्र बुझाएको छ । पछिल्लो समय



दैनिक ५० भन्दा बढी म्युजिक भिडियो निर्माण भइरहेको प्रतिभिडियो तीन लाख रूपैयाँ लगानी हुने गरेको, दैनिक डेढ करोडको लगानी र हजारौंले रोजगार पाइरहेको तथ्य पेश गर्दै फिल्मको परिभाषामा समेट्न आग्रह गरेको छ ।

दैनिक रूपमा बन्ने यस्ता म्युजिक भिडियोबाट राज्यलाई करोडौं फाइदा भइरहेको र राज्यले पनि राजस्वको ठूलो हिस्सा गुमाएको पत्रमा उल्लेख छ । बोर्डले समेट्ने क्षेत्रको परिभाषामा चल्ने चित्रलाई 'चलचित्र' भनिएको तर निर्माण हुने प्रक्रिया, विधि, प्रविधि, प्रयोग तथा कलाकार, प्राविधिक, निर्देशकलगायत विषय म्युजिक भिडियोमा पनि एकै किसिमको रूपमा प्रयोग हुने भए परिभाषाले विभेद गरिएको गुनासो गरिएको छ ।

म्युजिक भिडियोमार्फत जातजाति, भाषा, कला, संस्कृतिको जगेर्ना गर्दै राज्यको अर्थतन्त्र, पर्यटन, रोजगारीलगायतमा मद्दत पुगेको पनि उल्लेख गरिएको छ । पत्र बुझ्दै अध्यक्ष केसीले जरूरी रहेको विषय जानकारी गराएको र आगामी बैठकमा यसबारेमा प्रस्ताव राख्ने बताए । समाजका कार्यवाहक अध्यक्ष पाण्डेले ध्यानाकर्षण पत्र सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई पनि बुझाउने बताए ।

नेपाल माइक्रोबस कम्पनी प्रा.लि.
हाम्रो सेवाहरु
इलाम, पशुपतिनगर, काँकडभिट्टा, बुधबारे, गौरिगन्ज, विराटनगर, चतरा, चक्रवर्ती, राजविराज, जनकपुर, बेल्टार सम्म जानको लागि जम्बो A/C र हायसको टिकट पाइन्छ ।
कोटेश्वर सम्पर्कः ०१५१००८८०
९८५१००३३७०, ९८१३६३९३२३, ९८४१८५१९०४

नेपाल माइक्रो कम्पनी प्रा.लि.
टिकट काउन्टर
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५



काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

एकै छानामुनी
-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डविङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम
-मायाको चिनो तथा अवार्ड ट्रफी
सानिध्य ट्रफी ग्यालरी
रेडन, सामाखुशी काठमाडौं । ९८२३८४९७११

संवाददाताः
अर्जुन पोखरेल/चिरञ्जीवी भण्डारी
फोटोग्राफरः
च्याङ्बा लामा/नवीन गुरुङ/बद्री थापा

## सम्पादकीय

# बडादशैंको शुभकामना !

दशैं नेपालीहरूको सबैभन्दा विशेष पर्व मानिन्छ। नेपाली हिन्दू पात्रो अनुसार आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म १० दिन पूजापाठ, व्रत र उत्सवका साथ मनाइने चाड भएको हुनाले यसलाई दशैं वा विजयादशमीका नामले पनि चिनिन्छ।

दशैं आश्विन शुक्ल प्रतिपदाका दिनदेखि शुरू हुन्छ र यसको पहिलो दिनलाई घटस्थापना भनिन्छ। दशैं प्रतिपदा घटस्थापनादेखि पूर्णिमा (कोजाग्रत)सम्म १५ दिनको हुने भएता पनि पहिलो ९ दिनलाई नवरात्रि र दशौँ दिनलाई दशमी वा दशैं भनिन्छ। यो तिथिमा माता दुर्गाले महिषासुर नामक दैत्यलाई तथा भगवान् श्री रामचन्द्रले रावणलाई वध गरेर मानव जातिको कल्याण गरेको भन्ने किंवदन्ती छ ।

प्रतिपदा (घटस्थापना), सप्तमी (फूलपाती), महाअष्टमी, (कालरात्री), महानवमी, विजयादशमी र पूर्णिमा (कोजाग्रत) दशैंका प्रमूख तिथिहरू हुन्। विजयादशमीको दिन भगवतिले दानवी शक्तिमाथि र रामले रावनमाथि विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरूप रातो टीका र जमरा लगाउने चलन छ। आश्विन (असोज) महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन यस पर्वको प्रमूख दिन हो। बताइन्छ कि भगवान् रामले यसै दिन रावणको वध गरेका थिए ।यसलाई असत्यमाथि सत्यको विजयको रूपमा लिइन्छ। यसकारण, दशमीलाई विजयादशमी भनिएको हो । वरपरका मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले यो कार्य पूर्णिमासम्म गरिन्छ। आफ्ना नाता कुटुम्ब ठूलाबडा र मान्यजनबाट टीका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ-नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमता अनुसार मिठो खाना खाने-ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ । दशैं वर्षका दुई अत्यन्त शुभ तिथिहरूमा पर्छन्: चैत्र (चैत)को शुक्लको एवं कार्तिक शुक्लको प्रतिपदा तिथि । यी दिनहरूमा हिन्दूहरू नयाँ कार्य सुरु गर्दछन्, शस्त्रको पूजा गर्दछन्। प्राचीन कालमा राजाहरू यस दिन विजयको प्रार्थना गरेर रथ-यात्राको लागि प्रस्थान गर्दथे। यस दिन ठाउँ-ठाउँमा मेलाहरू लाग्थे ।

दशैं शुरु हुनै लाग्दा नेपालमा लिङ्गे पिङ्ग बनाएर गाउँघरमा दशैं लागेको संकेत पनि दिन्छ। यो चलन नेपालमा पिता पुर्खाकालदेखि अहिलेसम्म चलिआएको छ। नेपालीहरूले दशैं, तिहारलाई वर्ष दिनको मिलन र खुसियालीका रूपमा पनि लिने गर्दछन् । नेपाली समाजमा पारिवारिक कलह, मनमुटाव, असमानता भए पनि त्यसलाई चिर्दै बर्षमा एक पटक आउने दशैंलाई सबै आफन्तजन मिली एकअर्कामा मिलेर पर्व मनाउने परम्परा छ। दशैं विशेष गरी नेपालीहरूको महान चाड हो । समयको परिवर्तनसँगै नेपालीहरूमा पनि चेतनाको स्तर बृद्धि हुदै गएको देखिन्छ। जसको फलस्वरूप आफ्ना व्यक्तिगत पीडाका साथसाथै देश दुखेका आवाजहरू र खुशी पनि यत्रतत्र मालश्री गीत मार्फत गुञ्जन थालेका छन् ।

नेपालमा दशैंका दिन देवी भगवतीको पूजा आरधना गरी पुराण लगाई पनि मनाइन्छ । देवी भगवतीले सबै दुख हरेर खुसियाली ल्याउने पौराणिक मान्यता भएकाले पनि पुराण लगाएर देवी भगवती को पूजा आरधना गरिन्छ । घटस्थापनादेखि नवरात्रसम्म गरिने नवदुर्गा भवानीको पूजा अति प्राचीन परम्परा हो। देवीपुराणमा 'रामले आश्विन शुक्लको नवरात्रमा भगवतीको उपासना गरेर विजया दशमीको साइतमा लंकामा रावणका विरूद्ध युद्ध गर्न प्रस्थान गरेको' प्रसङ्ग उल्लेख छ ।

# दीपक शर्माले ल्याए "करोड भ्युजका गीतको सङ्ग्रह

**म्यूजिक खबर/काठमाडौं**

युट्युवमा एक करोड भन्दा बढी भ्युज पाएको आफुद्धारा संगीतबद्ध ११ वटा आधुनिक, लोकपप गीतहरूको सँग्रह 'दिपक शर्माका संगीतबद्ध करोड क्लबका लोक आधुनिक गीतहरू' संगीतकार दिपक शर्माले सार्वजनिक गरेका छन् ।

शुक्रबार काठमाडौंमा एक समारोहबीच संगीतकार शर्माका बुबा हरिलाल जैसी, गायक रामकृष्ण ढकाल, गीतकार डब्बु क्षत्री, गीतकार राधिका अधिकारी र संगीतकार दिपक शर्मा आफैंले यो गीति सँग्रह सार्वजनिक गरेका हुन् ।



अहिलेसम्मको सर्वाधिक १० करोड भ्युज पाएको नेपाली आधुनिक गीत पिरेम नलाउने सहित ११ वटा गीतलाई दिपकको यो सँग्रहमा समेटिएको छ । जसमा दिपकको रचना र संजिव पराजुलीको स्वरको छैन मलाई पिर..., दिपकको रचना र प्रमोद खरेलको स्वर रहेको छुट्टिएर तिमीसँग..., दीपककै शब्द र मेलिना राई एवम् पदम राईको स्वरको पछिपछि लागेर..., दिपकको शब्द र रूपेश चन्द्रको स्वर रहेको बालखैमा दिल बस्यो..., सरोज ओलीको शब्द तथा सरोज र मेलिना राईको स्वर रहेको ए है मायाँ...गीत सँग्रहित छ ।

यस्तै यो सँग्रहमा दिनेश थपलियाको शब्द र सरोज ओली एवम् मेलिना राईको स्वरको अर्को जुनी खै कुन्नी..., सरोज ओलीको शब्द र मेलिना राई एवम् राजेश पायल राईको स्वरको फुल फूलेको बन..., दिपककै शब्द र सहिमा श्रेष्ठसँगै संदिप न्यौपानेको स्वरको ओकल दोकल..., अमर बान्तुको शब्द र ध्रुब बिस्को एवम् सहिमा श्रेष्ठको स्वरको सिल्की कपाल...र घनश्याम ओलीको शब्द र मेलिना, रचना, अस्मिता, एलिनाको स्वर रहेको आयौ चेली...जस्ता एक करोड भन्दा बढी भ्युज पाएको गीत यो एल्बममा सँग्रहित छ । जीवनमा पहिलो पटक छोराको गीति सँग्रह विमोचन गर्न पाउँदो साह्रै खुसी लागेको बुबा हरिलाल जैशीले कार्यक्रममा बताए । बिमोचन समारोहमा उनी निक्कै भावुक भएका थिए ।



गायक रामकृष्ण ढकालले अहिलेको पुस्ताका संगीतकारमा सबै गीतहरू हिट बनाउने नायकको रूपमा संगीतकार दिपक शर्मा परिचित रहेको बताए । लोकलयमा आधारित रहेर गीतसंगीत सृजना गर्ने भएकाले पनि दिपकद्धारा संगीतबद्ध सबै गीतहरू लोकप्रिय हुनुका साथै करोड क्लबमा पुग्ने गरेको उनको भनाई थियो ।

यस्तै गीतकार डब्बु क्षत्रीले बजारमा दिपक शर्माको गीत आउनासाथ दर्शकले औधी मन पराउने बताए । नेपालमा सबैभन्दा बढी युट्युबमा करोड भ्युज कमाउने संगीतकारमा दीपक शर्मा नै पहिलो स्थानमा रहेको पनि गीतकार क्षत्रीले जिकिर गरे ।

यी बाहेक चलचित्रका ६ वटा र अन्य ४ वटा गरेर अरू १० वटा गीतहरूले पनि युट्युवमा एक करोड भन्दा बढी भ्युज पाएको पनि संगीतकार दीपक शर्माले कार्यक्रममा जानकारी गराए ।

# उत्तमको उत्कृष्ठ अभियनमा "गामकी सानी"

**म्यूजिक खबर/काठमाडौं**

समाजसेवामा आफ्नो छुटै पहिचान बनाएका उत्तम राईद्धारा अभिनित म्यूजिक भिडियो 'गामकी सानी' सार्बजनिक गरिएको छ । उदयपुरका जिल्ला त्रियुगा नगरपालिका ११ गाईघाट स्थायी घर भई हाल ललितपुर बस्ने उत्तम राईको दमदार अभिनयमा सजिएको म्युजिक भिडियो 'गामकी सानी' भर्खरै बजारमा आएको हो । यही भिडियोमार्फत संगीत र अभिनयमा 'डेब्यु' गरेका राईलाई मोडल नम्मा श्रेष्ठले साथ दिएकी छिन् ।

उत्तम राई बाल्यकालदेखि नै कला/संगीतक्षेत्रप्रति रूची राख्ने राईको नृत्य तथा अभिनयमा विशेष लगाव छ । कलाकारिताप्रतिको मोह र भविष्यको खोजीमा २ दशकयता राजधानीमा क्रियासिल राई अभिनयको यात्रामा बल्ल प्रवेश पाएका छन् । समाजसेवा र व्यापार ब्यवसायलाई सँगसँगै अघि बढाईरहेका राई मिडियाकर्मीसमेत हुन् । राईले गीत, संगीत र आफ्नो जोडी दुवैले मेहनेत गरेर अभिनय गरेकाले म्युजिक भिडियो सफल हुने विश्वास पनि लिएका छन् । म्युजिक




भिडियोको प्रस्तुतकर्ता साहित्य तथा गीत/संगीतकर्मी प्रेम राई (रिबुशाल) को, गायक साजन राईको स्वराङ्न भएको म्युजिक भिडियोमा रोशन लिम्बु, रूद्र राई तथा प्रस्तुतकर्ता राईसमेतले अभिनय गरेका छन् । लोकलयमा गीतमा युवतीहरू सुन्दरसँगै असल चाल चलन र स्वभावका धनी हुने भाव प्रकट गर्न खोजेका छन् । पछिल्लो समय चर्चित कलाकारको परिचय बनाउन सफल भईसकेकी मोडल श्रेष्ठ र राईले ग्रामिण भेगको सुन्दर दृष्यमा अभिनय उतारेका छन् ।

# आईआईएफटीको "दोस्रो स्पेस एण्ड डिजाइन एक्स्पो"
## एलिना ताम्राकार र सजिना सुवाल विजेता






**म्यूजिक खबर/काठमाडौं**

दोस्रो 'स्पेस एण्ड डिजाइन एक्स्पो २०२३' को विजेता एलिना ताम्राकार र सजिना सुवाल भए । क्याफे थिमतर्फ एलिना विजेता बन्दा थेसिसतर्फ सजिना विजेता घोषित भएकी हुन् । एक्स्पोमा क्याफे थिमतर्फ निखिला ढुङ्गाना दोस्रो, तिब्रता खड्काले तेस्रो बन्दा पब्लिक च्वाइस अवार्ड निशा खड्काले जितिन् ।

थेसिस तर्फ भने कविता किङ्ग्रिङ मगर दोस्रो, प्रमिता श्रेष्ठले तेस्रो हुँदा दिक्षित खड्काले पब्लिक च्वाइस अवार्ड प्राप्त गरिन् । विजेतालाई समापन समारोहमा प्रमुख अतिथि माल्टाका अवैतानिक बाणिज्य दूत तथा नेपाल चेम्बर अफ कमर्श काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठले अवार्ड, नगद तथा प्रमाण पत्र प्रदान गरे ।

कार्यक्रममा सञ्चारकर्मी सुशील नेपाल, वरिष्ठ गायक उदय सोताङ, द भ्वाइस अफ नेपालका निर्देशक लक्ष्मण पौडेल, एचआर प्रमुख सादिक्य आचार्य र फेसन डिजाइनर कुशुम श्रेष्ठ अथितिका रूपमा रहेका थिए ।

आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइनको आयोजना ललितपुरको पुल्चोकस्थित लबिम मलमा २५ र २६ गते (बिहिबार र शुक्रबार) आयोजित एक्स्पो ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन, पूर्वमन्त्री भिमसेनदास प्रधान लगायतले उद्घाटन गरेका थिए । प्रदर्शनी र प्रतिस्पर्धामा आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइनमा अध्यायनरत ८० विद्यार्थीका इन्टेरियरसम्बन्धि बिभिन्न सिर्जना राखिएका थिए ।

एक्स्पोमा दुई प्रकारको प्रदर्शनी थियो । एउटा अध्यायन गरेर ६ महिना मात्र भएका विद्यार्थीको क्याफे डिजाइन थिम र अर्को अर्को ग्राजुयट भएका विद्यार्थीको थेसिस थिम । थेसिस विद्यार्थी कसैको बुटिक, कसैको रिसोर्ट, कसैको अफिस लगायत थिमका डिजाइन तयार गरेको आईआईएफटीकी कार्यकारी निर्देशक बिपना थापाले बताइन् ।

बर्जर पेन्टस् र प्राईम टाइलको मुख्य प्रायोजन रहेको प्रदर्शनीमा उद्घाटनमा मेयर महर्जनले ग्राजुयट विद्यार्थीलाई सर्टिफिकेट समेत प्रदान गरेका थिए । उद्घाटन कार्यक्रममा फेसन कोरियोग्राफर रोजिन शाक्य, बरिष्ठ रंग पत्रकार तथा गीतकार डब्बु क्षेत्री लगायतको उपस्थिति रहेको थियो ।

आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइन विगत एक दशकदेखि फेसन तथा इन्टेरियर डिजाइन सम्बन्धी अध्ययन गराउँदै आएको कलेज हो । आईआईएफटीले आफ्नो विद्यार्थीका सिर्जना आम जनमानसमा परिचित गराउने उद्देश्यले यो कार्यक्रम गर्दै आएको हो । फेसन डिजाइनमा १४ महिना र इन्टेरियर डिजाइनमा १५ महिनाको कोर्ष प्रदान गर्दै आएको आईआईएफटीका शाखाहरू काठमाडौंको हेरिटेज प्लाजा, बागबजारको बागबजार प्लाजा र ललितपुरको कुमारीपाटीमा छ ।

नेपालकै ठुलो फेसन र इन्टेरियर अध्यापन संस्थाको रूपमा परिचित आईआईएफटीले आफ्नो अध्यापन गर्ने विद्यार्थीका लागि सिर्जना प्रस्तुत गर्न 'ड्रेस टु इम्प्रेस' फेसन शो, 'स्पेस एण्ड डिजाइन एक्स्पो' लगायत



कार्यक्रम आयोजना गर्दै आएको छ ।आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइन विगत एक दशकदेखि फेसन तथा इन्टेरियर डिजाइन सम्बन्धी अध्ययन गराउँदै आएको कलेज हो । आईआईएफटीले आफ्नो विद्यार्थीका सिर्जना आम जनमानसमा परिचित गराउने उद्देश्यले यो कार्यक्रम गर्दै आएको हो । फेसन डिजाइनमा १४ महिना र इन्टेरियर डिजाइनमा १५ महिनाको कोर्ष प्रदान गर्दै आएको आईआईएफटीका शाखाहरू काठमाडौंको हेरिटेज प्लाजा, बागबजारको बागबजार प्लाजा र ललितपुरको कुमारीपाटीमा छ ।

नेपालकै ठुलो फेसन र इन्टेरियर अध्यापन संस्थाको रूपमा परिचित आईआईएफटीले आफ्नो अध्यापन गर्ने विद्यार्थीका लागि सिर्जना प्रस्तुत गर्न विभिन्न फेसन शो, 'स्पेस एण्ड डिजाइन एक्स्पो' लगायत कार्यक्रम आयोजना गर्दै आएको छ ।

# पिम नेपालको अध्यक्षमा खरेल




**म्यूजिक खबर/काठमाडौं**

पावर ईन्टरनेशनल मिडिया नेपाल (पिम नेपाल)को अध्यक्षमा माधबराज खरेल निर्वाचित भएका छन् । संस्थापक अध्यक्ष समेत रहेका खरेल चौथो साधारण सभा तथा दोस्रो चुनावी अधिवेशनबाट पुनः अध्यक्षमा निर्वाचित भएका हुन् ।

असोज २९ गते सोमबार राजधानीमा सम्पन्न निर्वाचनबाट अध्यक्षतामा खरेल, बरिष्ठ उपाध्यक्षमा गायक पुर्ण बहादुर राई, प्रथम उपाध्यक्षमा संगीतका शंकर थापा 'स्माईल', द्वितिय उपाध्यक्षमा गायक आर्जन पाण्डे, महासचिवमा निर्माता एवम् संचारकर्मी कमला कुमारी जोशी, उपमहासचिवमा मोडल तथा कलाकार प्रतिक्षा काफ्ले, सचिवमा गायक नारायण थापा, कोषाध्यक्षमा छायाँकार राजन खरेल तथा सदस्यहरूमा राममणी ढकाल, सपना जोशी, नम्रता खरेल, समिर खान, कृष्णा आचार्य 'रोशनी' लगायत निर्वाचित भएका छन् ।

समारोहमा संस्थाले बार्षिक रूपमा विभिन्न व्यक्तित्वहरूलाई गर्दै आईरहेको सम्मानलाई यो वर्ष पनि निरन्तरता दिएको छ । बिभिन्न बिधामा रहेर समाजमा उल्लेखनिय योगदान पुर्याएका व्यक्तित्वहरूलाई सम्मान समेत गरिएको थियो । जसमा शारिरिक सुगठनका गोल्ड मेडलिष्ट खेलाडी संजीव श्रेष्ठ, साहित्यकार अनु शाह, अन्तराष्ट्रिय कोरियोग्राफर अश्विनीकान्त झा, महिला उद्यमी तथा चलचित्र निर्माता सारदा श्रेष्ठ, संचारकर्मी, समाजसेवी तथा पिम नेपालका संस्थापक सचिव राजन थापा गायिका अनिता कुँवर, मोडल स्मारिका ढकाल र समाजसेवी गीता सिंह लगायतकालाई सम्मान गरिएको हो । सम्मानित ब्यक्तित्वहरूलाई राष्ट्रगानका रचनाकार ब्याकुल माईला, चलचित्र कलाकार तथा पिम नेपालका सल्लाहकार मोहन निरौला, संगीतकार राजु शाह, बरिष्ठ चलचित्र पत्रकार शान्तिप्रिय, द्वन्द कलाकार संघका अध्यक्ष नारायण प्रधान, गायक तथा पिम नेपालका सल्लाहकार सिताराम पोखरेल, चलचित्र निर्देशक समाजका महासचिव अरूण प्रधान र गायक तथा संगीतकार कन्हैया सिंह परियारले संयूक्त रूपमा सम्मान गरेका थिए ।

संस्थाका कानुनी सल्लाहकार समेत रहेका अधिबक्ता हरि बहादुर कार्की प्रमुख निर्वाचन अधिकृत, रोयल्टी संकलन समाजका महासचिव बी. पाण्डे र पत्रकार जिवन पराजुली निर्वाचन अधिकृत रहेको टिमले नयाँ कार्यसमितिको निर्वाचन सम्पन्न गराएको हो ।

संस्थाले राष्ट्रिय समावेशी म्यूजिक अवार्ड (निम अवार्ड), पिम नेपाल फिल्म फेष्टिवल लगायत राष्ट्रिय रूपमा ख्याति कमाएका कार्यक्रमहरूको संचालन गर्दै आईरहेको छ । विशेषत नेपाली गीतसंगीत, कला, साहित्य, भाषा, संस्कृति र सम्पादाको प्रवर्द्धनमा संस्था क्रियाशिल रहँदै आएको छ । कार्यक्रम संचारकर्मी विष्णु सुवेदीले संचालन गरेका थिए ।



# म्यूजिक खबरको ७औं वार्षिकोत्सवमा स्रष्टा एवं पत्रकारलाई सम्मान



**म्यूजिक खबर/काठमाडौं**

तमु कलाकार संघका अध्यक्ष बरिष्ठ गायिका शर्मिला गुरूङ, एभरेष्ट नेपाल कल्चरल ग्रूपका अध्यक्ष आरसी कोइराला, रोयल्टी संकलन समाजका उपाध्यक्ष चन्द्र शर्मा, प्राज्ञ तथा बरिष्ठ गायक दुर्गा रायमाझी कार्यक्रमकी अध्यक्ष सबिता पोखरेललगायतले सम्मान पत्र, माला तथा खादा ओढाएर सम्मान गरेका थिए।

कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै म्यूजिक खबरका अध्यक्ष सुमन बैरागीतले सम्पूर्ण गायक, गायिका, संगीतकार, गीतकार, संगीतकर्मीहरूको माया र सद्भावले म्यूजिक खबरले ७ वर्ष लामो यात्रा तय गर्न सकेकोमा खुशी व्यक्त गरेका थिए। बैरागीले पछिल्लो समयमा छापा मिडियाको संख्या घटेता पनि यसको विश्वसनियता र महत्व झन् झन् बढ्दै गएको बताए। फस्टाएको अनलाईन पोर्टलले बाइलाइन र दुइलाइनको पत्रकारिता गरेता पनि छापा माध्यमको म्यूजिक खबरले नेपाली कलाकार र नेपाली कला संस्कृतिकै पक्षमा कलम चलाउँदै आएको बताए। नेपाली गीतसंगीतको विकास, विस्तार, प्रबर्द्धन र सम्बर्द्धनका खातिर सदैव स्रष्टा र सिर्जनाको बारेमा कलम चलाउँदै आएको र म्यूजिक खबर पाक्षिकले सम्पूर्ण संगीतकर्मीहरूलाई एकै ठाउँमा समावेश गर्न सकेको बताएका थिए।

सम्मानित व्यक्तित्वहरूको प्रतिनिधित्व गर्दै विशिष्ट सङ्गीतकार शक्ति बल्लभले छापा मिडियामा म्यूजिक खबरले सातौं वर्ष निरन्तरता दिन सक्नु सिंगो कला क्षेत्रकै लागि खुशीको विषय हो भने। उनले म्यूजिक खबरको यो यात्रालाई बधाई दिंदै म्यूजिक खबर पत्रिकाले छापा मिडियामा स्थापित भएको र सबैको विश्वासिलो मिडियाबाट आफू सम्मानित हुन पाउँदा खुसी मिलेको बताए।

म्यूजिक खबर पत्रिकाकी सम्पादक तथा प्रकाशक सबिता पोखरेलको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बाँस्कोटाले म्यूजिक खबरले सम्पूर्ण संगीत क्षेत्रको प्रतिनिधित्व गर्दै मन जित्न सफल भएकोमा शुभकामना प्रदान गरेका थिए। बास्कोटाले म्यूजिक क्षेत्रलाई मात्र केन्द्रमा राखेर प्रकाशन भएको म्यूजिक खबर पाक्षिक चुनौतिभित्रको कार्य भएको बताएका थिए। म्यूजिक खबरले छापा माध्यममा आफ्नो यात्रालाई निरन्तर टिकाइराख्नु र स्रष्टा कलाकारहरूलाई सम्मान, प्रोत्साहन गर्दै समाचारको माध्यमले सबैसामु चिनाउने कार्य गरेकोमा सिङ्गो संगीत क्षेत्रकै लागि गर्वको विषय भएको बताएका थिए। संगीत क्षेत्रका शिष्ट र विशिष्ट व्यक्तित्वहरूको माझमा आयोजना भएको भव्य र सभ्य कार्यक्रममा सहभागी हुन पाउँदा अत्यन्तै खुशी मिलेको र यो कार्यक्रम आफ्नो लागि पनि विशेष रहेको बास्कोटाले भने।

कार्यक्रममा गीतकार संघका अध्यक्ष बसन्त थापा, सांगीतिक संघका अध्यक्ष एवं म्यूजिक खबरका निर्देशक मिलन मोक्तान, बरिष्ठ सङ्गीतकार राजु सिंह, सुमित खड्का उपस्थित रहको कार्यक्रममा बरिष्ठ सञ्चारकर्मीहरू शान्तिप्रिय, बिदुर गिरी, भरत बमजन, तुलसी गिरी, सरोज कोइराला, नायक श्रीदेब भट्टराई, हरिराम पौडेल, डब्बु क्षत्री, लोकप्रिय संगीतकार सन्तोष श्रेष्ठ, निर्देशक माधवराज खरेल, बबिता श्रेष्ठको उपस्थितिले कार्यक्रमको गरिमा बढाएको थियो। त्यस्तै गीतकार राजेन्द्र पुरी गायिका प्राश्ना शाक्य, गीतकार पुरूषोत्तम सानु, गायक रोशन सिंह, गायिका सिता केसी, सरिता भारती, बबिना भट्टराई, गायक चिरन्जीवी भण्डारी, पत्रकार भोला अधिकारी, प्रकाश बराइली, गीतकार सामना शाह, मोडल रिना थापा मगर, कबिता बानियाँ, लगायत चर्चित कलाकार तथा पत्रकारहरूको बाक्लो उपस्थिती रहेको थियो। सेसेमी लिम्बुले कार्यक्रमको सहजीकरण गरेकी थिइन्।





















म्यूजिक खबर
७ औं वार्षिकोत्सव
एवं स्रष्टा सम्मान समारोह
NepalHouse




NepalHouse



म्यूजिक खबर
७ औं वार्षिकोत्सव
एवं स्रष्टा सम्मान समारोह




# नेपाली सर्टफिल्म "चिसो घर" जियो मामी मुम्बई फिल्म फेस्टिबलका लागि छनौट






**म्यूजिक खबर/काठमाडौं**

एभरेष्ट फिल्म एकेडेमीबाट फिल्ममा डिप्लोमा गरेकी विदुषी गिरीको लेखन र डेब्यू निर्देशनमा बनेको सर्ट फिल्म चिसो घर भारतको मुम्बईमा हुने जियो मामी मुम्बई फिल्म फेस्टिवलका लागि छानिएको छ ।

आगामी अक्टोबर २७ देखि नोभेम्बर ५ सम्म चल्ने गिरीको सोसल ड्रामा जनराको फिल्म चिसो घर उक्त फेस्टिवलबाटै वर्ल्ड प्रिमियर हुने भएको छ । थर्ड डाईनेन्सन पिक्चर्स, सिमल सिनेमा र एभरेष्ट फिल्म एकेडेमीद्वारा संयुक्त रूपमा निर्माण गरिएको ११ मिनेट लामो फिल्ममा  सोनिका शाही ठकुरी, सरीता गिरी, लोकेन्द्र लेखक, सुवास बम्जन र मारिया कार्कीले अभिनय गरेका छन् ।

विदुषीकै कथा, पटकथा र संवाद, विपिन स्थापितको पार्श्व संगीत र साउन्ड डिजाइन, राजेन्द्र मोक्तानको कलर, चक्र महर्जनको छायांकन र पासाङ दावाको सम्पादन रहेको छ ।

फिल्मकी निर्देशक गिरीका अनुसार फिल्म फोकस साउथ एसिया सेक्सनअर्न्तगत वर्ल्ड प्रिमियरका लागि छानिएको हो । यो फिल्म उक्त फेस्टिवलमा अप्रतिपर्स्धी फिल्मका रूपमा छनौट भएको हो । आफ्नो पहिलो प्रयास नै मुम्बई फिल्म फेस्टिवलजस्तो महत्वपूर्ण अन्तराष्ट्रिय फिल्म फेस्टिवलमा छनौट हुनु गौरवको विषय भएको भन्दै गिरीले खुशी व्यक्त गरिन् । उनले फेस्टिवलमा सहभागी भएर विभिन्न देशका फिल्म हेरी त्यहाँबाट प्राप्त ज्ञानबाट आगामी दिनमा अघि बढ्न सरल हुने समेत बताइन् ।

७० भन्दा धेरै देशका दुई सय ५० फिल्म सहभागी फेस्टिभलमा यस वर्ष नेपाली फिल्मको बाहुल्यता रहेको छ । बलिउड अभिनेत्री तथा पूर्व विश्व सुन्दरी प्रियंका चोपडा अध्यक्ष रहेको फेस्टिवलमा नेपाली फिल्महरू विभिन्न विधाका लागि छनोट भएका छन् ।

# नेपाल सर्ट फिल्ममा सागर र सरिता उत्कृष्ट अभिनेता अभिनेत्री



**म्यूजिक खबर/काठमाडौं**

चौथो नेपाल सर्ट फिल्म अवार्ड २०२३ मा लघु चलचित्र 'संघर्ष' उत्कृष्ट भएको छ । विलक्षण क्रियसन प्रा.लि. र स्टार वान इन्टरटेनमेन्ट प्रा.लि.द्धारा आयोजित चौथो सर्ट फिल्म फेस्टिबल तथा अवार्ड समारोहमा संघर्ष उत्कृष्ट भएको हो । अवार्ड समारोहमा सहभागी एक दर्जन भन्दा सर्ट फिल्मबाट संघर्ष उत्कृष्ट भएको हो ।

यस्तै चरित्र भूमिकामा उत्कृष्ट चरित्र अभिनेताको वार्ड चलचित्र संघर्षबाटै प्रेम पाण्डेले जितेका छन् । चलचित्र संघर्षबाटै उत्कृष्ट सम्पादकको अवार्ड शाहिल खानले हाँसिल गरेका छन् ।' सो प्रतियोगितामा उत्कृष्ट अभिनेताको अवार्ड सर्छ फिल्म कहानी एकादेशकोबाट सागर लम्साल बलेले जितेका छन् । यस्तै उत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र प्रवासीको जीवनबाट अभिनेत्री सरिता लामिछानेले हाँसिल गरेकी छिन् ।

यस्तै उत्कृष्ट सिनेमेटोग्राफरको अवार्ड सर्ट फिल्म ए हिडन लाइफबाट राजन खरेल प्राप्त गरे भने उत्कृष्ट निर्देशकको अवार्ड चलचित्र दुर्गमण्डुबाट माधव राज खरेलले हाँसिल गरेका छन् । सर्ट फिल्म अवार्ड २०२३ को निर्णायकमा अभिनेता आर्यन सिग्देल, अभिनेता बीरेन्द्र हमाल, अभिनेता तेज गिरी र चलचित्र निर्देशक दिनेश राउत थिए ।




# सिनेमाघर एपमा रिलिज भयो "जारी"

**म्यूजिक खबर/काठमाडौं**

नेपालको पहिलो ओटीटी प्लेटफर्म 'सिनेमाघर एप'मा सुपरहिट चलचित्र 'जारी' रिलिज भएको छ । बडादसैँको अवसर पारी आज घटस्थापनाको दिन यो चलचित्र विश्वव्यापी ओटीटी रिलिज गरिएको हो ।

सिनेमाघर एपमा 'जारी'को सर्वाधिक डिमान्ड आएको थियो । सोही डिमान्डलाई मध्यनजर गर्दै यो चलचित्र रिलिज गरिएको सिनेमाघरका सिईओ सागर खरेलले बताए ।

यस वर्षको सर्वाधिक हिट चलचित्र 'जारी'ले हलमा १७ करोडमाथिको कलेक्सन गरेको थियो । उपेन्द्र सुब्बाले निर्देशन गरेको यस चलचित्रमा दयाहाङ राई, मिरूना मगर, रोयदीप श्रेष्ठ, रेखा लिम्बु, प्रेम सुब्बा, विजय बराल, अनिल सुब्बा, पुष्कर गुरूङ, कमलमणि नेपाल, उपसंग्बा नेम्बाङ लगायतको अभिनय छ ।

यसअघि यो सिनेमाघर एपमा 'जय भोले', 'कबड्डी ४', 'महापुरूष जस्ता बहुचर्चित चलचित्रहरू रिलिज भई सफल भइसकेका छन् । गत भदौमा रिलिज भएको 'महापुरूष'ले सिनेमाघरमा सफल व्यापार गरिरहेको छ ।

सिनेमाघर एप सबै प्रकारका स्मार्ट डिभाइसमा एप उपलब्ध रहेका छन् । एपमा उपलब्ध चलचित्रहरू नेपालका प्रायः डिजिटल वालेट र विदेशबाट गुगल पे, पेपल, डेबिट–क्रेडिट कार्डबाट पैसा तिरेर हेर्न सकिन्छ साथै, गुगल प्लेबाट सिधा पेमेन्ट गर्न सकिन्छ । 'जारी' हेर्न रू. २०० रकम तिर्नुपर्ने हुन्छ । यस एपमा व्यवस्था रहेको सिनेक्वाइन प्रयोग गरेर निःशुल्क रूपमा समेत चलचित्रहरू हेर्न सकिन्छ ।

# सिताराम पोखरेलको "चित्त दुख्छ रे उनैको"

'चित्त दुख्छ रे उनैको' बोलको नयाँ म्युजिक भिडियो सार्वजनिक भएको छ ।  यस गीतमा वरिष्ठ गायक  सिताराम पोखरेलको सुमधुर स्वर रहेको छ। मुनाल शिशिर कोइरालाको शब्दमा रहेको यस गीतलाई सागर सरद अधिकारीले संगीतवद्द गरेका हुन् । संजय श्रीपालको गीतमा संगीत संयोजन रहेको छ ।

वैवाहिक सम्बन्धमा हुने सानो तिनो झगडा या मनमुटावको कथामा आधारित यस गीतको म्युजिक भिडियोमा स्वयम् गायक पोखरेल र उषा उप्रेतीको अभिनय रहेको छ । सुजन श्रेष्ठले छायाँकन गरेको गीतको भिडियोलाई शिलन लम्सालले सम्पादन गरेका हुन्।  नबिन बिष्ट सहायक निर्देशक रहेको यस गीतको भिडियोलाई मुनाल शिशिर कोइरालाको निर्देशनमा तयार पारिएको हो ।



भिडियो 'ओएस आर डिजिटल' नामक युट्युव च्यानल मार्फत भिडियो सार्वजनिक भएको हो । 'आँखाको नानी हौ तिमी' बोलको गीत गाएर चर्चामा आएका गायक पोखरेलले  २ सयभन्दा भन्दा बढी गीतमा स्वर दिइसकेका छन् । उनका दर्जन बढी एल्बम सार्वजनिक भैसकेका छन् तीमध्ये दर्जनौँ हिट छन् । गायक पोखरेल थुप्रै अवार्ड बाट समेत सम्मानित छन् ।



## पाचौं सगरमाथा म्युजिक अवार्डमा तीर्थ कुमारीलाई लाइफटाइम

# खुमन र रमिला उत्कृष्ट दोहोरी गायक गायिका



**म्यूजिक खबर/काठमाडौं**

सहारा ग्रुप पाचौं सगरमाथा म्युजिक अवार्ड २०८० भब्य रूपमा सम्पन्न भएको छ। राजधानी काठमाडौंमा नेपाली कला र श्रष्ठाको सम्मान, नेपाली संस्कृति संरक्षण प्रबर्द्धन हाम्रो अभियान भन्ने नाराको साथ भएको अवार्ड अर्थ नेपाल प्रालिको आयोजनामा भएको हो।

अवार्डमा वरिष्ठ लोक गायिका तीर्थ कुमारी थापालाई सगरमाथा लाइफटाइम अचिभमेन्ट अवार्डमा नगद रू.१७,६९६ सहित सम्मान गरिएको थियो। सम्मान प्रमुख अतिथि टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारी, वरिष्ठ कलाकार शुसिल पोखरेल, कार्यक्रम प्रमुख पुरूषोत्तम बस्नेत, कार्यक्रम संयोजक मनोज थापाले प्रदान गरेका थिए। ज्योती विकास बैंकको प्रस्तुती रहेको कार्यक्रमलाई साहारा ग्रुपले मुख्य प्रायोजन गरेको थियो भने टोखा नगरपालिकाले सहकार्य गरेको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रकाश अधिकारीले कलाकार र सञ्चारकर्मीको सम्मान गर्न पाउँदा आफु हर्षित भएको बताए। साथै आगामी दिनमा पनि अवार्ड कार्यक्रममा सहकार्य गर्ने प्रतिबद्धता जनाए। कलाकार राष्ट्रको गहना भएको हुँदा सबैले सम्मान गर्नु पर्ने बताए।

त्यसैगरी वरिष्ठ पत्रकार अनन्त वाग्लेलाई सगरमाथा कला पत्रकारिता रजत सम्मान नगद रू. ८८४८ सहित सम्मान गरिएको थियो। त्यसैगरी सगरमाथा कला पत्रकारिता सम्मान सुकृत नेपाल, सानुकाजी श्रेष्ठ, कमला जोशी, राजु बोहोरा, रधुनाथ सापकोटालाई प्रदान गरिएको थियो। सगरमाथा रेडियो पत्रकारिता सम्मान विजन दुवाडीलाई प्रदान गरिएको थियो। कार्यक्रममा वरिष्ठ संगीतकार राजकुमार बगरलाई सगरमाथा संगीत साधना सम्मान गरिएको थियो। व्यवसायी शम्भु श्रेष्ठलाई सगरमाथा सम्मान प्रदान गरिएको थियो। त्यसैगरी निपेश ढाकालाई सगरमाथा कला सम्मान प्रदान गरिएको थियो।

अवार्ड कार्यक्रममा सगरमाथा कला सम्मानबाट सम्झना बुढाथोकी, मञ्जिता केसी, रमिता भण्डारी, नारायण थापा, नन्दराम परियार, प्रविन भुषाल, प्रतिक्षा काफ्ले, धुर्व हिमाली, नकुल थापा, सुमन परियार, टेकबहादुर बोगटी, कमल अधिकारी, भद्र वलीलगायतलाई सम्मान गरिएको थियो।

अवार्ड कार्यक्रममा नेपाली गीतसंगीतका चर्चित एंव हस्तीहरूको उपस्थीति रहेको थियो। कार्यक्रमलाई मेगा टिभीले प्रत्यक्ष प्रसारण गरेको थियो।



१. सर्वोत्कृष्ट राष्ट्रिय भाव गायन
कुश्मा महरा 'प्रगति' – कहाँ छ स्वर्ग
२. सर्वोत्कृष्ट राष्ट्रिय भाव गीतकार
हरिकृष्ण बखुन्छे – पूर्व बग्ने
३. सर्वोत्कृष्ट गायक चलचित्र
बाबुल गिरी – सिरूपाते जुंगामा (छक्का पञ्जा –४)
४. सर्वोत्कृष्ट पप–आधुनिक गायक
विष्णु भट्ट – केशरी
५. सर्वोत्कृष्ट लोक दोहोरी गायक
खुमन अधिकारी – पिरती घाटामा
६. लोक दोहोरी गायक पब्लिक च्याइस
सरोज लामिछाने – मुसौरी
७. सर्वोत्कृष्ट लोक पप गायन
रोशनी रसाइली – फुर फुर पुतली
८. सर्वोत्कृष्ट पप–आधुनिक नव प्रतिभा गायन
निमा शेर्पा – भन आज
९, सर्वोत्कृष्ट लोक दोहोरी नव प्रतिभा गायन
नबराज बस्नेत – सम्झिए मन दुख्छ
१०. सर्वोत्कृष्ट पप–आधुनिक युगल गायन
नरेश विविसी/एलिना चौहान – राम साइली २
११. सर्वोत्कृष्ट गजल गायन
कनैया सिंह परियार – अचानक
१२. सर्वोत्कृष्ट गायिका चलचित्र
सहिमा श्रेष्ठ – दर्शन सलाम (छक्का पञ्जा ४)
१३. सर्वोत्कृष्ट पप–आधुनिक गायिका
झुमा निरौला – तिम्रो माया
१४. सर्वोत्कृष्ट लोक दोहोरी गायिका
रमिला न्यौपाने – पिरती घाटामा
१५. सर्वोत्कृष्ट गीतकार चलचित्र
रमेश पौडेल – के बर मागी (परदेशी –२)
१६. सर्वोत्कृष्ट पप–आधुनिक गीतकार पुरूष
हरिकृष्ण धिताल – बाटो हेर्दा हेर्दै
१७. सर्वोत्कृष्ट पप–आधुनिक गीतकार पुरूष (जुरी)
भुपेन्द्र बुढाथोकी – मुटु टुट्दा
१८. सर्वोत्कृष्ट पप–आधुनिक गीतकार महिला
देवी पराजुली – हामी नारी
१९. सर्वोत्कृष्ट लोक दोहोरी शब्द
अर्जुन थापा मगर – मनमति
२०. सर्वोत्कृष्ट लोक दोहोरी शब्द महिला
पवित्रा न्यौपाने – किन आको छेउ
२१. सर्वोत्कृष्ट लोक दोहोरी शब्द (जुरी)
सागर रेग्मी – अतित तिम्रो मेरो
२२. सर्वोत्कृष्ट नव गीतकार
आभा निरू – रिक्तिदैन आँशु
२३. सर्वोत्कृष्ट संगीतकार चलचित्र
दीपक शर्मा – दर्शन सलाम (छक्का पञ्जा ४)
२४. सर्वोत्कृष्ट पप संगीतकार
भिम विसी – चश्मा लगाउली
२५. सर्वोत्कृष्ट आधुनिक संगीतकार
चेतन राई – तिमी धुन बन
२६. सर्वोत्कृष्ट लोक दोहोरी लय
ऋषि खड्का – तिम्रै सम्झनामा
२७. सर्वोत्कृष्ट पप–आधुनिक मोडल महिला
निशा कार्की – सधै यस्तै मिठा कुरा
२८. सर्वोत्कृष्ट पप–आधुनिक मोडल महिला (जुरी)
एन्जल श्रेष्ठ – नाता ताड्यौ
२९. सर्वोत्कृष्ट पप–आधुनिक मोडल (पब्लिक च्वाइस)
सनिशा भट्टराई – ए होर माया
३०. सर्वोत्कृष्ट लोक दोहोरी मोडल महिला
एन. जेड सालु – जाममाया सुनौली
३१. सर्वोत्कृष्ट पप–आधुनिक नव मोडल
दिया जिसी – चुन्नी (ऐ हावा)
३२. सर्वोत्कृष्ट लोक दोहोरी नव मोडल
कुशुम शर्मा – सकम्बरी
३३. सर्वोत्कृष्ट पप–आधुनिक मोडल
आरके परियार – घृणा
३४. सर्वोत्कृष्ट पप–आधुनिक मोडल (जुरी)
सशान्त आर.टि. – दिल रून्छ जव
३५. सर्वोत्कृष्ट लोक दोहोरी मोडल
सागर लम्साल – केहि हुदैन मेरो राजालाई
३६. सर्वोत्कृष्ट पप–आधुनिक नव मोडल
अमित शर्मा – धोकेबाज रैछौं
३७. सर्वोत्कृष्ट पप–आधुनिक नव मोडल (जुरी)
अबि मल्ल – चोट माथि चोट
३८. सर्वोत्कृष्ट लोक दोहोरी नव मोडल
शंकर चन्द – बाँच्छु कि बाच्दिन
३९. सर्वोत्कृष्ट पप–आधुनिक म्युजिक भिडियो निर्देशन
जनक सिंह – जिन्दगीमा हास्नै भुले
४०. सर्वोत्कृष्ट लोक दोहोरी म्युजिक भिडियो निर्देशक
मौसम हिमाली – कहाँको साइनो
४१. सर्वोत्कृष्ट म्युजिक भिडियो छायाँकार लोक दोहोरी
नवराज उप्रेती – साँइली
४२. सर्वोत्कृष्ट म्युजिक भिडियो छायाँकार पप
अनिल कटवाल – लाशो
४३. सर्वोत्कृष्ट म्युजिक भिडियो सम्पादन
अमृत चापागाई – मत मर्छु होला
४४. प्रोत्साहन अवार्ड
सविना आचार्य – बैंशको गोली
४५. प्रोत्साहन अवार्ड गायिका
लक्ष्मी केसी – लागे परदेश


## बर्गीकृत विज्ञापन

### रेकर्डिङ स्टुडियोहरू

१. राग रेकर्डिङ स्टुडियो
न्यूप्लाजा, काठमाडौं फोन: ९८५१२५६६६६

२. आलाप म्यूजिक रेकर्डिङ स्टुडियो
सामाखुशी, काठमाडौं । फोन:९८४९१५५०९७

३. स्टुडियो अडियो ल्याब
अनामनगर पूर्वीगेट, फोन: ९८६३३३१०८०

४. एम.बी. म्यूजिक रेकर्डिङ स्टुडियो
कपुरधारा, काठमाडौं फोन: ९८४१८७९१०५

५. मारुनी डिजिटल रेकर्डिङ स्टुडियो
उत्तरढोका, काठमाडौं फोन: ९८५११४६१५६, ९८१०९३५९५४, ९८०३६९५९००

५. मेलोडी नेपाल रेकर्डिङ स्टुडियो
अनामनगर, काठमाडौं । फोन: ०१–४१०२६४३, ९८५१२३९३०७, ९८४३२९६७५१, ९८४१६९५२८४, ९८४७४२५२६०,

६.प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोन: ०१–४२६८६१४

### एरेन्जर

- सुदीप सागर, फोन: ९८५११८८२३७
- झलक संगीतम्, फोन:९८४९१५५०९७
- आशिष अबिरल, फोन:९८५१२५६६६६
- विपिन आचार्य, फोन:९८४१८७९१०५

### दोहोरी साँझ

- गाउँले रोधीघर
मित्रनगर, नयाँबसपार्क
- चाँदनी रोधी नाचघर,
मित्रनगर, नयाँबसपार्क
- डाँडाघरे रोधीघर एण्ड क्लब
मित्रनगर, नयाँबसपार्क

### भिडियो निर्माण कम्पनी

- गुरुआमा फिल्म्स प्रा.लि.
अनामनगर, काठमाडौं । फोन:९८४१११६२६७
- साइभिजन प्रा.लि. अनामनगर
फोन: ४१०२६८४/९८५१११२६४९
- श्रीराज इन्टरटेनमेन्ट, कपुरधारा
फोन: ९८५१२३८२२३

### संगीत प्रशिक्षण केन्द्र

- साधना कला केन्द्र, पुतलीसडक
फोन: ४४४०२२८/४४४०१६८

### बर्गीकृत विज्ञापनका लागि

९८५१००७४३०
९८४१७१०७५१

# डा. सावना चोन्थाङद्वारा 'डा. कुन्साङ डाइनोस्टिक सेन्टर'को उद्घाटन

म्यूजिक खबर/काठमाडौं

नेपालकी अग्रज प्रसुति चिकित्सक डा. कुन्साङ डोल्मा शेर्पाले आफ्नो नयाँ अस्पताल 'डा. कुन्साङ डाइनोस्टिक सेन्टर' सुरू गरेकी छिन् ।

डा. कुन्साङले बिगत दुई दशक भन्दा लामो समयदेखि प्रसुति चिकित्सकको रूपमा सेवा दिँदै आएकी छिन् । उनले काठमाडौंको बौद्ध फुलवारी नजिकै आफ्नै घरमा उपचार केन्द्र 'डा. कुन्साङ डाइनोस्टिक सेन्टर' सुरू गरेकी हुन् । भारतकी लोकप्रिय कस्मेटिक गाईनोक्लोजिष्ट डा. सावना चोन्थाङको प्रमुख आतिथ्यतामा मँगलबार सो डाईनोस्टिक सेन्टरको उद्घाटन गरिएको छ ।

भारतको मणिपुरमा रहेको सावना सी म्याटर्स एकेडेमी एन्ड एशिया एकेडमी अफ फेमिनिन् एस्थेटिक्सकी अध्यक्ष डा. सावना चोन्थाङले आफ्नो एकेडेमीको शाखा डा. कुन्साङले नेपालमा स्थापना गरेको भन्दै सफलताको शुभकामना दिईन् ।



कार्यक्रममा डा. सावनाले भनिन्,'अब कस्मेटिक गाईनो उपचारको लागि भारत जानु पर्दैन । नेपालमै डा. कुन्साङले सावना सी म्याटर्स एकेडेमी एन्ड एशिया एकेडमी अफ फेमिनिन एस्थेटिक्स सेन्टरको साखा काठमाडौंको बौद्धमा स्थापना गरेर यो सेवा यहीबाट दिन थाल्नु भएको छ ।' यो सेवाले नेपालमा धेरै महिलाहरूलाई फाईदा पुग्ने विश्वास आफुले लिएको पनि डा. सावनाले बताईन् । आफुसँग कस्मेटिक गाईनोक्लोजिस्ट्को प्रशिक्षण लिएका नेपालका विभिन्न गाईनो डाक्टरहरूलाई सो क्रममा डा. सावनाले प्रमाणपत्र पनि प्रदान गरिन् ।

उद्घाटन समारोहमा बोल्दै डा. कुन्साङले भनिन्,' हाम्रो डाईनोष्टिक सेन्टरमा प्रसुति, कस्मेटिक गाइनोसँगै नाक कान घाँटी, मुटु रोग, दन्त रोग, पेट सम्बन्धि रोग, छाला तथा चर्मरोग, बाल रोग, फिजिसियनसहित विभिन्न रोगको उपचार हुन्छ । यहाँ सेन्टरमा अत्याधुनिक ल्याव, भिडियो एक्सरे, इसिजी, इको र विभिन्न अत्यावस्यक मेसिनरी सामानहरूको सेवा पनि रहेको छ ।'

उनले भनिन्,'हामीले नेपालमै हामीले पहिलो पटक कस्मेटिक गाईनोक्लोजिस्ट सेवा सुरू गरेका छौं । यसबाट महिलाहरूको प्रसुतिसँगै विभिन्न रोग र स्किनको समस्याको उपचार गरिने छ ।'यसका लागि आफुहरूले विश्व प्रसिद्ध 'भेगिसिए' उपकरण पनि गाईनो कस्मेटिक उपचारको लागि भित्राएको डा. कुन्साङले बताईन् ।

यो मेसिनबाट पेट देखि मुहारसम्मको चाउरीएको, झोलिएको, छाला स्क्राच भएको जस्ता समस्याको उपचार हुने पनि उनले बताएकी छिन् । आफुहरूले गाईनो कस्मेटिक अन्तर्गत धेरै किसिमको सेवा दिने गरेको पनि डा. कुन्साङले जानकारी गराईन् ।

# नयाँ नेपाली वेव सिरिज भैरबीको प्रशारण सुरू

म्यूजिक खबर/काठमाडौं

भिएफएक्सको प्रयोग गरि निर्माण गरिएको नेपाली वेव सिरिज भैरबीले आफ्नो प्रशारण सुरू गरेको छ । मिडिया हवको निर्माणमा तयार भएको भैरबीले रिलिजको छोटो समयमै दर्शकहरूको राम्रो साथ पाईरहेको छ ।

दैबिक शक्ति, प्राकृतिक सुन्दरता तथा सामाजिक कथाबस्तु पेश गर्ने भैरबी ओकेश पनेरूको लेखन निर्देशनमा तयार भएको हो । नेपाली सिरियलमा नयाँ प्रयोग गर्दा दर्शकहरूले भैरबीलाई फरक प्रकारले हेरिरहेको बुझिएको छ । भिडियोमा आएका प्रतिकृयाहरू सकारात्मक र हेर्नेहरूले यसबाट आगामी दिनमा अझ राम्रो हुने आशा समेत व्यक्त गरेका छन् ।




भैरबीमा टिकटकको चर्चित मोडल दीपा शाही, चर्चित कलाकार हिउँबाला गौतम, अमृता श्रेष्ठ, मञ्जु श्रेष्ठ, रत्न प्रजापती, अस्मिता बस्नेत, राजु सिंह, बालकलाकार आरध्या डिसी लगायतका कलाकारहरूले अभिनय गरेका छन् । बिनय कार्की पार्श्व संगीत, शुभास देवकोटाको सम्पादन गरेको भैरबीका दृश्यलाई थप दमदार देखाउँन भुपेन तिवारीले भिएफएक्स गरेका छन् भने सोम धिताल र सिद्धार्थ धिताल प्रमुख निर्माता हुन् । भैरबी प्रत्येक सोमबार साँझ ६:४५ बजे मिडिया हव अफिसियल च्यानलमार्फत साप्ताहिक रूपमा प्रशारण हुनेछ ।

# बाल मनोविज्ञानको कथामा 'अस्तित्व'





म्यूजिक खबर/काठमाडौं

बाल मनोविज्ञानको कथामा बनेको भिडियो 'अस्तित्व' सार्वजनिक गरिएको छ । श्रेय अगस्तिको स्वर, संकेत अगस्तिको संगीत र सुविध गुरागाईंको शब्द रचना रहेको गीत राजधानी काठमाडौँमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको छ । सुवास दाहालको प्रस्तुतीमा बनेको भिडियोमा नुर दाहाल, गौरी मल्ल, सपना पोखरेल, अन्जना कुइंकेल पाठक, सुगम भट्टराई, महाबिर पुन (अतिथि कलाकार) र सुवास दाहालको अभिनय रहेको छ । सुवास दाहाल प्रतिभावान कलाकार हुन् ।

भिडियोमा संकेत अगस्तिले निर्देशन, खेमनाथ खनालको क्रियटिभ निर्देशन, दिनेश पराजुलीको छायांकन र शिलन लम्सालको सम्पादन र कलर रहेको छ। भिडियो शिशिर भण्डारीको अफिसियल च्यानल मार्फत सार्वजनिक गरिएको छ । भिडियो सार्वजनिक कार्यक्रममा सुगम नगर विकास समाजका अध्यक्ष कपिल उप्रेती, नुर दाहालका माता पिता–दिनेश दाहाल र अन्जु पोखरेल, समाजसेवी पासांग तामाङ, कलाकार शिशिर भण्डारी, सुगम नगर महिला समाजका अध्यक्ष यसोदा ढुंगेल, अपाङ्गता मानव अधिकार केन्द्रका जगदीश प्रसाद अधिकारीलगायत थुप्रै व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै अभिनेत्री गौरी मल्लले बाल कलाकार नुर दाहालको खुलेर प्रसंशा गरिन् । नुर दाहाल प्रतिभावान कलाकार हुन् । उनले यस अघि मेरी आमा प्यारी आमा, परिचय लगायतका भिडियोमा आफ्नो अभिनय कुशलता प्रस्तुत गरिसकेका छन् ।

# भुपेन्द्र र परिक्षाको नृत्यमा लुकी लुकी



दमक । छायांकार तथा निर्देशकको रूपमा नाम कमाएका भुपेन्द्र तुम्बाहाङफे अभिनय तथा नृत्यमा समेत उत्तिकै पारङ्गत छन्। बेला बेला अभिनय समेत गर्ने भुपेन्द्र तुम्बाहाङफे र मोडल परिक्षा लिम्बूद्वारा अभिनित गीत 'लुकी लुकी' म्यूजिक भिडियो सार्वजनिक भएको छ ।

गीतकार गणेश थक्लुङको शब्द, गायक तथा संगीतकार टंक बुढाथोकीको संगीतमा टंक बुढाथोकी र गायीका मेलिना राईको आवाज रहेको गीतको म्युजिक भिडियोमा साउथ इन्डियन स्टाइलको रोमान्सले भरिएको डान्स तथा रोचक कथा समेत समाबेश गरिएको छ। दिवस गिरीको कोरीयोग्राफी रहेको भिडियोलाई मज्जाको राईले छायांकन गरेका हुन् भने सम्पादन अनिल रानाले गरेका छन् ।

सञ्जु थलङको मेकअप, किरण न्यौपानेको सहायक छायांकन र खगेन्द्र वजी लिम्बूको आर्ट प्रडक्शन रहेको भिडियो गणेश थक्लुङ र कृष्ण गुरूङको निर्माणमा बनेको हो ।थैली इन्टरटेन्मेन्टको पोष्ट प्रडक्शन रहेको भिडियो थैली इन्टरटेन्मेन्टको अफिसियल युट्यूव च्यानलबाट सार्वजनिक गरिएकोछ ।


Tunning Master
प्रोप्राईटर
बिमल साह
मो. ९८६३६८९५९६
९८१६८१९९९५
श्री पशुपतिनाथ हारमोनियम मर्मत तथा बिक्री केन्द्र
सिनामंगल, ताराहल चोक, काठमाण्डौ
झोकलको लागि श्पेशल ट्यूनिङ गरिन्छ ।
नोटः- यहाँ पुरानो हारमोनियम, तबला, गितार, मादल लगायत म्युजिकका सबै समानहरू ग्यारेण्टिका साथ मरम्मत गरिनुका साथै नयाँ बिक्रि पनि गरिन्छ ।
होम डेलिभरीको पनि व्यवस्था छ ।
Email: bimalshah300@gmail.com

गायक बन्ने कि संगीतकार
टेन्सन भयो ?
नआत्तिनुस् !
संगीत सिक्नुस् !
अब स्पेशल कोर्षमा रू.२000। छुट
ग्यारेन्टीका साथ सिकाउने ठाउँ
यहाँ गायन, वाद्यवादन (गीतार, हारमोनियम, तबल, पियानो, भायोलिन, मादल र सारङ्गी लगायतका विधाहरु) सिकाइनुका साथै गीत संगीत सम्बन्धी सम्पूर्ण कार्यहरु गरिन्छ।
"संगीत सिकौं स्वस्थ र समृद्ध बनौं"
श्रुति संगीत विद्यालय
अनामनगर, काठमाडौं सम्पर्कः ९८५१००८५४५, ९८४१५६६५५८

# कोइरालालाई एसिया ब्रान्ड अवार्ड

म्यूजिक खबर/काठमाडौं

भारतको नयाँ दिल्लीमा हालै आयोजना भएको एसिया ब्राण्ड अवार्डले एसियाका विभिन्न देशबाट उपस्थित विशिष्ट व्यक्तित्वहरूमाभ नेपालका आरसी कोइराला 'रामचन्द्र' लाई 'अन्तर्राष्ट्रिय मान्यता संस्कृतिविद्' को उपाधिबाट सम्मान गरेको छ । कार्यक्रममा एसियाका विभिन्न देशका ३० भन्दा बढी व्यक्तित्वहरू उक्त उपाधिबाट सम्मानित भएका थिए ।

३० वर्षभन्दा लामो समयदेखि नेपाली कला संस्कृतिको साथै विश्वका कला संस्कृतिको सम्बर्द्धन तथा प्रबर्द्धन गर्दै आएका कोइराला एभरेष्ट नेपाल कल्चरल ग्रूपका सस्थपक अध्यक्ष हुन् । उनी कला र संस्कृतिसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा पनि उच्च पदमा रही काम गर्दै आएका छन् । कोइरालाले विश्वको कला संस्कृतिको सम्बर्द्धन तथा प्रबर्द्धनमा पुर्याएको योगदान स्वरूप उक्त सम्मान प्रदान गरिएको हो ।




अन्तर्राष्ट्रिय लोक साँस्कृतिक मेला नेपालमा भित्र्याउने श्रेय पनि कोइरालालाई छ । नेपालमा हरेक दुई वर्षमा अन्तर्राष्ट्रिय लोक साँस्कृतिक मेलाको आयोजना गर्दै आएका कोइरालाले पाएको यस सम्मानले लोक संस्कृतिको प्रबर्द्धनको क्षेत्रमा उनले खेलेको भूमिकाको सम्मान भएको छ । सम्मानित कोइराला भन्छन्- 'अवार्डले मलाई अफ जिम्मेवारी थपेको बोध गराएको छ ।' अन्तर ाष्ट्रिय मञ्चमा पटक पटक सम्मानित भएका कोइराला आफ्नै देश नेपालले भने आफूलाई नचिनेकोमा गुनासो पोख्दै भन्छन्- यहाँ देशको फण्डा बोक्नेलाई कसैल चिन्दैन, सम्मान गर्दैन । नेपालमा सम्मान पाउन पार्टीको फण्डा बोक्नु पर्ने रहेछ ।'




# प्रेमध्वज प्रधान फाउन्डेसनबाट सर्जकहरू सम्मानित




म्यूजिक खबर/काठमाडौं

प्रेमध्वज प्रधान फाउन्डेसनले हिजो २०८० असोज २०, सांस्कृतिक संस्थान, जमल, काठमाडौंमा प्रेमध्वज प्रधान सम्मान एवं विविध सांस्कृतिक कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापाले उद्घाटन गर्नु भएको सो कार्यक्रम प्रेमध्वज प्रधान फाउन्डेसनका अध्यक्ष शान्त बहादुर शाक्यको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष एवं कार्यक्रम संयोजक राधेश्याम लेकालीले स्वागत एवं कार्यक्रमको उदेश्य र महत्वमाथि प्रकाश पार्दै सम्मानितहरूको परिचय गराउनु भएको थियो ।

कार्यक्रममा वरिष्ठ गीतकार प्राज्ञ उन्नती बोहरा "शीला" वरिष्ठ संगीतकार प्राज्ञ प्रदीप बमजन, वरिष्ठ गायक आनन्द कार्की, वरिष्ठ कलाकार रमेशनाथ खनाल, नायकहरू कृष्ण मल्ल र रविन्द्र खड्का, नायिका एवं आध्यात्मिक अभियन्ता शोभिता सिंखडा, कवि एवं समाजसेवी विसन थापा, पत्रकार एवं सांस्कृतिक संस्थानका महाप्रबन्धक अशोक प्यासी राई, साहित्यकारहरू जलेश्वरी श्रेष्ठ, गोविन्द गिरी प्रेरणा, देवीभक्त श्रेष्ठ, फूलमान बल, युवराज अधिकारी, लाक्पा फुटी शेर्पा सम्मानित हुनुभयो ।

यसैगरी बुद्ध शान्त पार्क निर्माणमा सहयोगी हातहरू समाजसेवी शंकरराज पाण्डे, विनन्द बैद्य, सुन्दर श्रेष्ठ, सुर्जुदेवी बज्राचार्य, रूकशाना महर्जन, गणेशमाया महर्जन, राम श्रेष्ठ, मंगलदास श्रेष्ठ, कल्याण दवाडी रजनी मल्लीलाई पनि कदर-पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि भैरवबहादुर थापा, अध्यक्ष शान्तबहादुर शाक्य सर्जकहरू प्राज्ञ उन्नती बोहरा "शीला", प्राज्ञ प्रदीप बमजन, रमेशनाथ खनाल, कृष्ण मल्ल, शोभिता सिंखडा, अशोक प्यासी राई,र देवीभक्त श्रेष्ठले आआफ्नो मन्तव्य राख्नु भएको थियो

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापा र साहित्यिक पत्रकार संघका अध्यक्ष एवं कार्यक्रम संयोजक राधेश्याम लेकालीलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रमको संचालन कवि मुरारि सिग्देलले गर्नु भएको थियो । दुईचरणमा आयोजित सो कार्यक्रमको दोस्रो सत्रमा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । सांस्कृतिक कार्यक्रमको संचालन प्रस्तोता कुसुम बज्राचार्यले गर्नु भएको थियो ।


नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं ।

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ।

त्यसैले,

सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बबिनाको आत्माको भाव बोले
# गीत “के हुन्छ होला”




■ सविता पोखरेल/म्यूजिकखबर

दर्शनशास्त्र र धर्मशास्त्रहरू अनुसार आत्मा जीवनको एउटा अङ्ग हो भनिन्छ भने श्रीमद्भागवत गीतामा 'हामी सबै आत्मा हौं शरिर त केवल नश्वर चिज हो, आत्मा नै मुख्य हो' भनिएको छ । 'जव सम्म शरिर भित्र आत्मा रहन्छ शरिर भरि जताततै चेनता प्रवाहित हुन्छ र हामी मानिसलाई जिवित देख्दछौं, आत्माले शरिर छोड्ने वित्तिकै शरिर मृत बन्दछ र त्यो केवल जलाउन, गाड्न तथा फाल्नका लागि मात्र योग्य हुन्छ' भन्ने पनि श्रीमद्भागवत गीतामा उल्लेख छ । मानव प्राणी जुन अलौकिक छन् मृत्यु पश्चात पनि आत्माको मृत्यु हुँदैन भन्ने धार्मिक मत रहेको छ ।

विज्ञानले आज सम्म यस बारे केही पनि पत्तो लगाउन सकेको छैन, किन भनें आत्माको जाँचको लागि कुनै पनि यन्त्रको आविष्कार अहिले सम्म भएको छैन । मृत्यु पश्चात के हुन्छ ? भन्ने बारेमा अनेकौं मान्छेहरूका आफ्नो आफ्नो विचारहरू छन्। धेरै नास्तिकहरू भन्छन् आत्मा जस्तो कुनै वस्तु छैन र ब्यक्तिको एकमात्र हिस्सा शरीर मात्र हो तर ऋषिहरू र योगीहरूले आत्माबारे आफुले योग गरेर जानेको र योबारे जानेपछि मृत्युको भयबाट मुक्त भएको भन्ने दाबी गर्ने गरेका छन् । गीतामा आत्मा अमर छ, शरिर मरेर गएपनि आत्मा उडेर गई अन्य कुनै शरिरमा समाबिष्ट हुन्छ भनिएको छ । यदि शरिरसंगै आत्माको परिवर्तन हुँदैन भने पनि फेरि किन जन्मेनन् ती हिटलर र मुसोलिनीका ऋुर आत्माका प्रतिबिम्बहरू ? अनि फेरि किन जन्म भएन शान्तिका दुत गौतम बुद्धहरू ? यी र यस्ता प्रश्नहरू हाम्रा मनमा पनि सलबलाइरहन्छन् ।

यी र यस्ता प्रश्नहरू गीतकार पुन्य चौलागाईका मनमा पनि उब्जिए । उनका मनमा उब्जेका यी भावहरू संगालेर उनले गीत लेखे । गीत गायिका तथा संगीतकार बबिना भट्टराई सम्म आइपुग्यो । उनले गीतका शब्दहरू केलाइन्, जति पढ्यो उति गहिरो भाव पाइन् गीतमा । उनले यो गीत गीतकारले भौतिक संसारभन्दा माथि उठेर लेखेको महशुष गरिन्, गहिरो भावका शब्दहरू, यथार्थताले भरिएका भावहरू अनि कतै अध्यात्म पनि जोडिए जस्तो अलौकिक । शब्दले उनको मन छोयो, उनले शब्दका भाव अनुरूप धुन भरिन् अनि गीत एरेन्जको लागि बलराम समालको सहयोग लिइन् । बलरामले गीतको भाव, मर्म अनि बबिनाले भरेकी लयलाई सुहाउँदो एरेन्ज गरेर गीत बबिनालाई जिम्मा लगाए । बबिनाले आफ्नै सुमधुर स्वरमा म्युजिक नेपालको स्टुडियोमा रेकर्ड गरिन् । गीत रेकर्डिङ्मा उनलाई साथ दिएका थिए नकुल कार्कीले, गीतलाई मिक्सिङ र मास्टरिङ गरेर अन्तिम रूप दिएका थिए प्रकाश खरेलले ।

अडियो तयार भए पछि बबिना यो गीतको भाव मिल्ने भिडियोको तयारीमा जुटिन्, उनको आफ्नै गायनको शैलीमा सुन्दर, शालिन अनि भ[illegible] भावको भिडियो तयार भयो । बबिना भट्टराईको अफिसियल युटुव च्यानल मार्फत उक्त सन्देशात्मक एवं उत्प्रेरक गीत सार्वजनिक भयो । आँफूले लेखेको गीत यो रूपमा आउँदा गीतकार पुन्य चौलागाईले खुसी ब्यक्त गरेका छन् । उनले आफ्ना शब्दलाई बबिना भट्टराईले निक्कै मेहनतका साथ आफ्नै संगीतमा अत्यन्तै सुमधुर स्वरमा गाउनुको साथै भिडियोको सबै तारतम्य मिलाएर तयार गरेकीमा धन्यवाद व्यक्त गर्दै बबिनाको गायन, संगीत र भिडियो निर्माणमा दिएकी योगदानको प्रशंसा गरेका छन् । उनले भनेका छन् 'बबिनाले नगाइदिएकी भए सायद मेरो यो गीत डायरीको कुनै पानामा सिमित हुन्थ्यो होला अथवा हराएर, च्यातिएर वा नासिएर जान्थ्यो होला तर सुमधुर स्वर कि धनी बबिना भट्टराईले मेरो यो गीतलाई अमर बनाइदिएकी छिन्, मेरो गीत प्रतिको उनको यो लगाव, मेहनत र मायाका लागि म आभार ब्यक्त गर्दै बबिनाको सांगितिक यात्राको सफलताको कामना गर्दछु ।'

सुनेर गीतकार रमेश दाहालले पुन्य चौलागाईको यो गीत नेपाली गीतिलेखनमा नै एक विशिष्ट र फरक खालको गीत भएको र यस्ता गीतहरू नेपाली गीति क्षेत्रमा दुर्लभ रहेको बताउँदै गायिका तथा संगीतकार बबिना भट्टराईले यी गीतका शब्दहरूलाई अत्यन्त मार्मिक रूपमा, शब्दहरूको भाव बुझ्रेर संगीत भरेकी र सोहि भावमा आफ्नो सुमधुर गलाले गाएकी बताएका छन् । पछिल्लो समय सस्तो लोकप्रियता कमाउने होडमा आइरहेका गीत भन्दा यो गीत शब्द, संगीत र स्वरमा पृथक रहेको उनको धारणा रहेको छ । यो गीतले आत्माको गहिराई र यसको भावनाहरू खोलेको छ भने मानव भावना र अनुभवहरूको रहस्य पनि यो गीतमा भेटिन्छ । गीतले आत्माको खोज र भित्री चिन्तनको सारलाई समेटेको छ, आत्माको अदृष्य भावप्रति गीतकारको कौतुहलता यो गीतमा पोखिएको छ ।

सुगम संगीत र भक्ति संगीतमा तल्लिन बबिनाका भगवान श्री कृष्णका भजनहरू काले काले कृष्ण, मधुराष्टकम्, महामन्त्रको रूपमा जपिने हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ..हरे राम हरे राम राम राम हरे हरे, अच्युतम् केशवम् रामानारायणम्, श्री कृष्ण गोविन्द हरे मुरारे, अच्युताष्टकम लगायत भगवान श्री राम, महादेव, हनुमान चालिसा, दुर्गा भजन, गायत्री मन्त्र लगायतका विभिन्न भजनहरू बीणा भक्ति युट्व च्यानलमा संग्रहित रहेका छन् भने उनका व्यवसायिक गीतहरू उनको आफ्नै 'बबिना भट्टराई' युट्व च्यानल मार्फत सार्वजनिक हुदै आएका छन् ।









म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादक: सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादक: सुमन बैरागी (९८५१००७४३०), निर्देशक: मिलन मोक्तान (९८५१०२३५७६)
कार्यालय: कपुरधारा, काठमाडौं । फोन: ०१-४०१०५४५ इमेल: musickhabar .com@gmail .com, musickhabarnews@gmail .com, मुद्रण: लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं